31ST of MARCH

National News

मुख्य समाचार

- ईद उल-फित्र आज देशभर धार्मिक उत्साहका साथ मनाइयो
- म्यानमा-मा भुकम्पको कारण मृत्यु हुनेको संख्या 2 हजार भन्दा बढि - उद्धार कार्य जारी
- आगामी पाँच वर्षमा देशमा पच्यासि हजार एमबीबीएस सीट थपिने ग्रिह मंत्रीको भनाई
- केन्द्र सरकारले एकीकृत पेन्सन योजना (UPS) लागू गर्ने, यस अन्तर्गत 23 लाख कर्मचारी लाभान्वित हुने

ईद उल-फित्र आज देशभर धार्मिक उत्साहका साथ मनाइयो

आज देशभर ईद उल-फित्र पर्व धार्मिक श्रद्धा, उल्लास र भाईचाराका साथ मनाइयो। यो पर्व इस्लाम धर्मावलम्बीहरूको लागि पवित्र रमजान महिनाको समापनको प्रतीक हो। नमाजिहरूले मस्जिद तथा ईदगाह-हरूमा विशेष नमाज अदा गरे। नमाजपछि उनीहरूले एकअर्कालाई ईदको शुभकामना आदान-प्रदान गरे। राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखडले पनि सम्पूर्ण देशवासीलाई ईदको शुभकामना दिनुभएको छ। राष्ट्रपतिले सामाजिक सञ्जालमार्फत दिएको सन्देशमा ईदले भाईचाराको भावना बलियो बनाउने बताउनुभयो। उहाले यो पर्वले सबैको जीवनमा शान्ति, समृद्धि र खुसी ल्याओस् भन्ने कामना पनि गर्नुभयो।

उपराष्ट्रपतिले पनि ईद-उल-फित्रले भारतको सांस्कृतिक विविधताको सम्मान गर्दै सबैलाई एकताको सूत्रमा बाँध्ने सन्देश दिनुभएको छ। उहाले ईदलाई भारतीय लोकतन्त्रको आधारशिला भएको भन्दै यसले समाजमा सद्भावको भावना अझ बलियो बनाउने बताउनुभयो। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले पनि सम्पूर्ण देशवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत दिएको सन्देशमा उहाले यो पर्वले समाजमा आशा, सद्भाव र प्रेम बढाउने विश्वास व्यक्त गर्नुभयो ।

## म्यानमा-मा भुकम्पको कारण मृत्यु हुनेको संख्या 2 हजार भन्दा बढि - उद्धार कार्य जारी

म्यान्मामा गएको विनाशकारी भूकम्पमा मृत्यु हुनेहरूको संख्या 2 हजार भन्दा बढी पुगेको छ। शुक्रबार माण्डले क्षेत्रमा 7.7 म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको थियो। केही मिनेटपछि नै 6.4 म्याग्निच्युडको अर्को भूकम्प गएपछि ठूलो जनधनको क्षति भएको छ। भूकम्पको धक्का थाइल्याण्ड, भियतनाम, लाओस र दक्षिण-पश्चिम चीनमा समेत महसुस गरिएको थियो।

म्यान्माको सैन्य नेतृत्वका अनुसार भूकम्पमा तिन हजार 9 सय भन्दा बढी घाइते भएका छन् भने 270 जना अझै बेपत्ता छन्। म्यान्मा प्रशासन परिषदका अध्यक्ष वरिष्ठ जनरल मिन आङ ह्लाइङ ले देशभर 7 दिने राष्ट्रिय शोक घोषणा गरेको जानकोरी दिनुभएको छ। यस अवधिमा राष्ट्रिय झण्डा आधा झुकाइनेछ। अन्तर्राष्ट्रिय स्तरमा उद्धार र राहत कार्य तीव्र रूपमा अघि बढाइएको छ। भारत, रूस, चीन, थाइल्याण्ड, यूएई र संयुक्त राष्ट्रसंघ लगायतका देशहरूले मानवीय सहायता तथा उद्धार टोली पठाएका छन्। भारतले "अपरेशन ब्रह्मा" सुरु गरी रासन, टेन्ट र औषधि पठाएको छ। थाइल्याण्डमा पनि भूकम्पबाट 19 जनाको मृत्यु भएको छ। बैंकाकमा हजारौं मानिसहरूलाई क्षतिग्रस्त भवनहरूबाट सुरक्षित स्थानमा सारिएको छ। बैंककमा आपतकालीन उद्धार टोलीले ढलेको निर्माणाधीन भवनको भग्नावशेषमा फसेका 75 जनाको खोजी कार्य जारी राखेको छ।

## एमबीबीएस सीट संख्या दोब्बर, आगामी पाँच वर्षमा थप 85 हजार सीट थपिने ग्रिह मंत्रीको भनाई

केन्द्रीय गृहमन्त्री अमित शाहले भन्नुभएको छ की नरेन्द्र मोदी सरकारको नेतृत्वमा विगत एक दशकमा देशभर स्वास्थ्य क्षेत्रको सुधारका लागि समग्र दृष्टिकोण अपनाएर देशको स्वास्थ्य संरचनाको स्तर उचाइमा पुऱ्याइएको छ। गृहमन्त्री श्री शाह हरियाणाको हिसारमा महाराजा अग्रसेन चिकित्सा महाविद्यालयमा महाराजा अग्रसेनको प्रतिमाको अनावरण गरेपछि आयोजित सभालाई सम्बोधन गर्दै हुनुहुन्थ्यो । श्री शाहले भन्नुभयो 2013-14 मा केन्द्र सरकारको स्वास्थ्य बजेट सैतिस हजार करोड रुपैयाँ थियो, भने यसलाई बढाएर सन् 2025-26 मा एक लाख सैतिस हजार करोड रुपैयाँ पुऱ्याइने जानकारी दिनुभयो।

उहाले थप भन्नुभयो कि जब नरेन्द्र मोदी प्रधानमन्त्री घोषित हुनुभयो, त्यस समय भारतमा जम्मा सातवटा अखिल भारतीय आयुर्विज्ञान संस्थान (AIIMS) थिए, जसमा पनि छवटा अटल बिहारी वाजपेयी सरकारको कार्यकालमा स्थापना गरिएका थिए। तर अहिले भारतमा 23 वटा

AIIMS सञ्चालनमा छन्। उहाले भन्नुभयो कि चिकित्सा महाविद्यालयहरूको संख्या तिन सय सतासी बाट बढेर 7 सय छ्याषठ्  पुगेको छ। गृहमन्त्रीका अनुसार, एमबीबीएस (MBBS) सिटको संख्या 51  हजारबाट बढेर 1 लाख 15 हजार पुऱ्याइएको छ, र आगामी पाँच वर्षमा थप पच्यासी  हजार सिट थपिनेछ।

<u>केन्द्र सरकारले एकीकृत पेन्सन योजना (UPS) लागू गर्ने, यस अन्तर्गत 23 लाख कर्मचारी लाभान्वित हुने</u>

केन्द्र सरकारले एकीकृत पेन्सन योजना (UPS) लागू गर्ने घोषणा गरेको छ, जुन राष्ट्रिय पेन्सन प्रणाली (NPS) को विकल्पको रूपमा प्रस्तुत गरिएको छ। यो योजना भोलिदेखि लागू हुनेछ। हालै, पेन्सन फण्ड नियामक तथा विकास प्राधिकरणले UPS को सञ्चालनका लागि आवश्यक नियमहरू जारी गरेको थियो।

नयाँ योजनाअन्तर्गत केन्द्र सरकारका कर्मचारीहरूलाई तीन समूहमा विभाजन गरिएको छ। पहिलो समूहमा 1 अप्रिल 2025 सम्म सेवा गरिरहेका NPS अन्तर्गतका कर्मचारीहरू समावेश हुनेछन्। दोस्रो समूहमा 1 अप्रिल 2025 वा त्यसपछि केन्द्र सरकारमा नयाँ भर्ना हुने कर्मचारीहरू पर्नेछन्। तेस्रो समूहमा ती कर्मचारीहरू छन्, जो NPS अन्तर्गत रहिसकेका छन् र 31 मार्च 2025  वा त्यसअघि अवकाश प्राप्त गरिसकेका छन्, चाहे त्यो नियमित अवकाश होस् वा स्वेच्छिक। यस योजनाबाट करिब 23 लाख केन्द्र सरकारका कर्मचारीहरू लाभान्वित हुने अनुमान गरिएको छ।

<u>सीबीआईको बहसठ औं स्थापना दिवस: डीपी कोहली स्मारक व्याख्यान तथा पदक वितरण कार्यक्रम</u>

केन्द्रीय अनुसन्धान ब्युरो (CBI) ले भोली नयाँ दिल्लीमा आफ्नो बहसठ औं स्थापना दिवस विशेष कार्यक्रमका साथ मनाउने भएको छ। यस अवसरमा 21औं डीपी कोहली स्मारक व्याख्यानको आयोजना गरिँदै छ। केन्द्रीय मन्त्री अश्विनी वैष्णव ले ‘विकसित भारत @2047 - सीबीआईका लागि एक रोडमैप’ विषयमा विशेष व्याख्यान दिनुहुनेछ। उहाले राष्ट्रपति पुलिस पदक (विशिष्ट सेवा) तथा पुलिस पदक (सराहनीय सेवा) प्रदान गर्नुहुनेछ।

देहरादूनमा कुट्टुको पिठो खाँदा कैयौं बिरामी, आपूर्ति गर्ने पसल सिल

उत्तराखण्डको राजधानी देहरादूनमा कुट्टुको KUTTU पिठो खाँदा धेरै मानिस बिरामी परेका छन्। उनीहरूलाई उपचारका लागि अस्पताल भर्ना गरिएको छ। मुख्यमन्त्री पुष्कर सिंह धामीले आटा आपूर्ति गर्ने पसल सिल गरिएको तथा सबै सम्बन्धित स्थानलाई नोटिस जारी गरिएको जानकारी दिनुभएको छ, साथै, उहाले दोषीहरूमाथि कडा कारबाही गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

आकाशवाणीको "पब्लिक स्पीक" कार्यक्रममा आज कुपोषण निवारणबारे विशेष परिचर्चा

आकाशवाणी समाचार सेवा प्रभागले आफ्नो साप्ताहिक फोन-इन कार्यक्रम "पब्लिक स्पीक" अन्तर्गत आज राति साढे नौ  बजे "पोषण अभियानबाट कुपोषणको निवारण" विषयमा विशेष परिचर्चा प्रसारण गर्ने भएको छ। कार्यक्रमको समय श्रोताहरूले विशेषज्ञहरूसँग प्रत्यक्ष प्रश्न सोध्न पनि सक्नेछन्। फोन गर्नका लागि नम्बरहरू: 011-2342-1050 तथा 011-2331-4444 अथवा, यसका अतिरिक्त, WhatsApp नम्बर 9289094044 मा पनि प्रश्नहरू पठाउन सकिनेछन्। श्रोताहरूले #Ask_AIR प्रयोग गरी सोशल मिडिया प्लेटफर्म "X" मार्फत पनि आफ्ना प्रश्नहरू राख्न सक्नेछन्।